नेपाली राजदूतावास
Embassy of Nepal
Dhaka

# हस्तलिखित राहदानीलाई MRP ले प्रतिस्थापन गर्नेसम्बन्धि अत्यन्त जरुरी सूचना

सन् २०१५ को नोभेम्बर २४ अगावै हस्तलिखित राहदानी प्रतिस्थापन गरी मेशिन रिडेबल राहदानी (MRP) जारी गरिसक्नु पर्ने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को प्रावधान रहेको छ । हस्तलिखित राहदानी लिई बिदेशमा रहेका नेपाली नागरिकहरुले उक्त अवधिभित्र MRP नबनाएमा उनीहरुको बसाई गैरकानूनी हुन गई बिभिन्न कानूनी तथा प्राविधिक कठिनाईहरु भोग्नु पर्ने अवस्था आउन सक्ने हुनाले हाल बिभिन्न कारणबाट बंगलादेशमा बसोबास गरिरहनुभएका नेपाली नागरिकहरुले यथाशीघ्र यस नियोगमा सम्पर्क गरी मेशिन रिडेबल राहदानी (MRP) बनाउनुहुन सूचित गरिन्छ ।

साथै, मेशिन रिडेबल राहदानी (MRP) का लागि यस नियोगमा आवेदन गर्ने आवेदकहरुको राहदानी राहदानी बिभागबाट तयार भई यहाँ प्राप्त हुन केहि समय लाग्ने भएको हुनाले यस नियोगबाट राहदानी लिन चाहने नेपाली नागरिकहरुले सन् २०१५ को जुलाई महिनाभित्रमा राहदानीका लागि आवेदन गर्नुहुनसमेत सूचित गरिन्छ ।

नेपाली राजदूतावास
ढाका, बंगलादेश
मिति २०७१ पुष २४ गते

United Nations Road-02, Baridhara Diplomatic Enclave, Dhaka
Tel: (00-880-2) 9892490, 9892568, Fax: (00-880-2) 8826401, E-mail: eondhaka@dhaka.net
Website: www.nepembassy-dhaka.org